६

## पुथा उत्तरगंगा  गाउँपालिकाको

# युवा विकास केन्द्र सञ्चालन कार्यविधि, २०७८

**गाउँसभाबाट पारित मितिः २०७८।०३।०९**

पुथा उत्तरगंगा गाउँपालिका

पुथा उत्तरगंगा  गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

तकसेरा, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

# युवा विकास केन्द्र सञ्चालन कार्यविधि, २०७८

स्वीकृत मितिः २०७८।०३।०९

**प्रस्तावना** :

नेपालको संविधान, २०७२ को मर्म र भावनालाइ आत्मसाथ गर्दै समृद्ध राष्ट्र निर्माणको आधारस्तम्भका रुपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षमता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा पुथा गाउँपालिका भित्रका युवालाई सु-सूचित गरी विकासमा सशक्तीकरण गर्दै उनीहरुको परिचालनको लागि यूवामैत्री नीति, योजना, कार्यक्रम र प्राथमिकता निर्धारण गर्न, युवा लक्षित उद्देश्य प्राप्तिका लागि स्थानीय सरकारलाई पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न, युवाका मुद्दाहरुको वहस पैरवी गर्न, युवाहरुको सर्वाङ्गिण विकास गर्न, युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिका बफादारी, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, समानता एव समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारका सिद्धान्त, लोकतान्त्रिक मूल्य-मान्यता, शान्ति, सह-अस्तित्व, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्ने हेतुले राष्ट्रिय युवा नीति, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का अधिनमा रही यस पुथा उत्तरगंगा गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधिको नाम **"युवा विकास केन्द्र सञ्चालन कार्यविधि, २०७८"** रहेको छ ।

२) यो कार्यविधि गाउँसभाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"युवा"** भन्नाले १६ देखि ४० वर्षसम्मका महिला, पुरुष र तेस्रो लिङ्गि समेतलाइ सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले गाँउपालिका अध्यक्षलाइ सम्झनु पर्छ ।

(ग) **"केन्द्र"** भन्नाले युवा विकास केन्द्रलाइ सम्झनु पर्छ ।

पुथा उत्तरगंगा गाउँपालिका

(घ) **“युवा नीति”** भन्नाले राष्ट्रिय युवा नीति, २०७२ सम्झनु पर्छ ।

(ङ) **“संयोजक”** भन्नाले युवा विकास केन्द्रको संयोजकलाइ सम्झनु पर्छ ।

(च) **“कार्यपालिका”** भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(छ) **“कार्यालय”** भन्नाले कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ज) **“समिति”** भन्नाले युवा विकास केन्द्रको कार्य समितिलाइ सम्झनु पर्छ ।

(झ) **“कार्यालय प्रमुख”** भन्नाले गाँउपालिका प्रमुख प्रशासकीय अधिकृतका रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) **“केन्द्र प्रमुख”** भन्नाले युवा विकास केन्द्रको प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

## परिच्छेद–२

## केन्द्रको स्थापना

### ३. केन्द्रको स्थापना :

(१) युवाका हक हितका संरक्षण र संवर्द्धन गर्न तथा उद्यमशीलता विकासका लागि युवा विकास केन्द्र स्थापना गरिएको छ ।

(२) केन्द्रको कार्यालय पुथा उत्तरगंगा गाँउपालिका भित्र रहनेछ ।

(३) गाउँपालिकाले आवश्यकता अनुसार अन्य वडामा पनि आफ्ना कार्यालय खोल्न सक्नेछ ।

### ४. केन्द्रको उद्देश्य:

- राष्ट्र, राष्ट्रियता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति युवाहरूलाइ प्रतिवद्ध बनाउँदै यसको संस्थागत विकासका लागि क्रियाशील बनाउन ।

पुथा उत्तरगंगा गाउँपालिका

- युवाहरूलाई समाजका आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक क्षेत्रका नीति, निर्णय निर्माण र कार्यान्वयनमा निर्णायक र अर्थपूर्ण रूपमा सहभागी गराउन ।
- युवाहरूका शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षहरूका विकास गर्ने, युवाका सबै प्रकारका क्षमतालाइ समाज विकासका मूल प्रवाहमा समाहित गरी ग्रामीण विकासमा लगाउने ।
- आम युवाहरूमा श्रमप्रति सम्मानका भावना विकास गर्दै युवा उद्यमशीलताका विकास गर्ने ।
- युवाहरूका आधारभूत आवश्यकता गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा तथा सहज जीवनयापनलाइ अधिकारका रूपमा स्थापित गर्ने ।
- युवाहरूमा अन्तर्निहित प्रतिभाहरूको विकास एवम् उपयोग गरी शिक्षा, साहित्य, संस्कृति, कला, सङ्गीत खेलकुद, विज्ञान तथा प्रविधिजस्ता क्षेत्रहरूका माध्यमबाट गाउँको पहिचान बढाउने ।
- समाजमा विद्यमान रहेका वर्गीय, लैङ्गिक जातीय, क्षेत्रीय, भाषिक, विभेदका अन्त्यका लागि युवा परिचालनको वातावरण बनाउने ।
- युवामा देखिएका सामाजिक, सांस्कृतिक, तथा कुलत तथा दुर्व्यसन अन्त्य गर्दै युवालाई सकारात्मक दिशा तर्फ अभिप्रेरित गर्ने ।
- ग्रामीण विकासमा युवा परिचालन गरी रोजगारी सृजना गर्ने ।

**५. केन्द्र स्वशासित र संगठित संस्था हुने:** १) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) केन्द्रका सबै काम कारबाहीका निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) केन्द्रले व्यक्ति सरह करार गर्न, करार बमोजिमका अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद—३

## केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार

**६. केन्द्रको गठन :**

१) केन्द्रको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष/उपाध्यक्ष | संरक्षक |
| ख) गाउँ कार्यपालिकाले मनोनित गरेको व्यक्ति | संयोजक |
| ग) प्रत्येक वडाबाट एकजना महिला/पुरुष | सदस्य |
| घ) केन्द्र प्रमुख | सदस्य सचिव |

पुथा उत्तरगंगा गाउँपालिका

२) गाउँपालिकाले पहिलो पटक स्थापनार्थ अध्यक्ष एवम् सदस्यहरुको मनोनयन गर्दा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत रहेका तीन जना सदस्य समितिका सिफारिसमा गर्नेछ ।

३) दोस्रो कार्यकालका लागि कार्यसमिति चयन गर्दा लोकतान्त्रिक विधि निर्वाचन मार्फत गरिनेछ । निर्वाचन सम्बन्धीका व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

४) अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि बढीमा तीन वर्षका हुनेछ ।

५) उपदफा (४) मा जनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुपका आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको ठहर भएमा मनोनीत गर्ने निकायले जुनसुकै बखत निजलाइ अध्यक्ष वा सदस्यका पदबाट हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिन छैन ।

**७. केन्द्रको काम, कर्तव्य र अधिकार :**

यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त केन्द्रका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) युवा सम्बन्धी दीर्घकालीन योजना र कार्यक्रम तर्जुमा गरी गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) गाउँ परिषदबाट स्वीकृत नीतिका अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाइ लागु गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाका क्षेत्रमा युवालाइ स्वयंसेवकका रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक योजना तथा कार्यक्रम निर्माण गर्ने,

(ङ) केन्द्रका वार्षिक योजना र कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा गाउँपालिकालाइ सुझाव दिने,

(छ) युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने- गराउने,

(ज) युवालाइ विकास निर्माण तथा समाज सेवाका क्षेत्रमा स्वयंसेवकका रुपमा परिचालन गर्ने- गराउने,

(झ) युवालाइ ग्रामीण विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने-गराउने,

(ञ) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने- गराउने,

पृथ्वी उत्तरगंगा गाउँपालिका

(ट) युवालाइ स्थानीय योजना निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,
(ठ) युवासम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने,
(ड) युवा सम्बन्धी सूचनाका व्यवस्थापन गर्न तथा एकीकृत तथ्याङ्क तयार गर्ने,
(ढ) युवा सम्बन्धी संघ, संस्थाका क्षमता अभिवृद्धि गर्ने- गराउने,
(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने- गराउने ।

**८. केन्द्रको बैठक र निर्णयः**
(१) केन्द्रको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(२) केन्द्रका बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) केन्द्रको बैठक हुनुभन्दा कम्तीमा एक हप्ता अगावै बैठकमा छलफल हुने विषयका कार्यसूचक सहितका सूचना सदस्यहरुलाई दिनेछ ।
(४) केन्द्रमा तत्काल कायम रहेका कुल सदस्य संख्याका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा केन्द्रका बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।
(५) केन्द्रको बैठकको अध्यक्षता अध्यक्षले र निजका अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।
(६) केन्द्रको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) केन्द्रको बैठकको निर्णय अध्यक्षले प्रमाणित गरी राखेछ ।
(८) केन्द्रले आवश्यक ठानेमा केन्द्रका कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई केन्द्रका बैठकमा परीवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(९) केन्द्रको बैठकसम्बन्धी अन्य कार्यविधि केन्द्र आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद—४
## वडा युवा क्लव

**९. वडा युवा विकास केन्द्र गठनः**
१) वडास्तरमा युवा सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतका लागि प्रत्येक वडामा एक युवा विकास केन्द्र रहनेछ ।

२) वडा युवा विकास केन्द्र देहाय बमोजिम हुनेछ :-
क) सम्बन्धित वडा अध्यक्ष संरक्षक

पुथा उत्तरगंगा गाउँपालिका

ख) वडा युवा समितिले मनोनीत गरेको व्यक्ति अध्यक्ष

ग) समबन्धित वडामा बसोबास गर्ने युवा मध्येबाट समावेशी सिद्वान्तको आधारमा २/२ महिला र पुरुष सदस्य

घ) वडा सचिव सदस्य सचिव

३) उपदफा (२) को खण्ड (ख) बमोजिमका सदस्यहरुका मनोनयन वडा समितिले गर्नेछ ।

४) वडा युवा विकास केन्द्रका अध्यक्ष तथा सदस्यहरुको पदावधि बढीमा तीन वर्षका हुनेछ ।

५) दोस्रो कार्यकालका लागि कार्यसमिति चयन गर्दा लोकतान्त्रिक विधि निर्वाचन मार्फत गरिने छ । निर्वाचन सम्बन्धीका व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि युवा विकास केन्द्रको अध्यक्ष वा सदस्यले आफ्नो पद अनुरुपका आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा वडा समितिले त्यस्ता अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि निजलाइ आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(७) युवा विकास केन्द्रको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(८) युवा विकास केन्द्रको कार्यालय वडा कार्यालयले तोकेको स्थानमा रहनेछ ।

## परिच्छेद–५

## केन्द्रको कोष

**१०. केन्द्रको कोष :**

१) केन्द्रको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

पृथ्वी उत्तरगया गाउँपालिका

(घ)  अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) का खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि केन्द्रले गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

४) केन्द्रको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमका कोषबाट व्यहोरिने छ ।

५) केन्द्रको कोषमा रहने सम्पूर्ण रकम गाँउपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

६) केन्द्र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७) खाता सञ्चालन केन्द्रका अध्यक्ष एवम् गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**११. लेखा र लेखापरीक्षणः**

१) केन्द्रले आफ्नो आय-व्ययको लेखा गाउँपालिकाले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

२) केन्द्रको लेखापरीक्षण गाउँपालिकाले नियुक्त गरेका लेखापरीक्षकबाट हुनेछ ।

३) गाउँपालिकाले केन्द्रको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद—६

## विविध

**१२. उपसमिति गठन गर्न सक्ने :**

१) केन्द्रले या कार्यविधि अन्तर्गत बनेका नियम बमोजिम आफूले गर्नपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गन सक्नेछ ।

पृथ्री उत्तरगंगा गाउँपालिका

२) उपदफा (१) बमोजिम गठित उपसमितिका काम, कर्तव्य र अधिकार सो उपसमिति गठन गर्दाका बखत केन्द्रले तोक बमोजिम हुनेछ ।

**१३. पारीश्रमिक सुविधा र बैठक भत्ता :**

१) केन्द्रको संयोजक र सदस्य तथा वडा युवा विकास केन्द्रको अध्यक्ष र सदस्यहरुको बैठक भत्ता र दफा १२ बमोजिमको उपसमितिको सदस्यले बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४. वार्षिक प्रतिवेदन :**

१) केन्द्रले आफूले वर्षभरि गरेका कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१५. निर्देशन दिन सक्ने :**

१) गाउँपालिकाले केन्द्रको काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम दिइएका निर्देशनको पालना गर्ने केन्द्रको कर्तव्य हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन :**

१) केन्द्रले यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियम बमोजिम आफूलाइ प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, संयोजक वा सदस्यलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. शपथ :**

केन्द्र र वडा युवा विकास केन्द्रका सदस्यले आफ्नो कार्यभार सम्हाल्न अघि तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

**१८. सहयोग गर्नुपर्ने :**

केन्द्र र वडा युवा विकास केन्द्रको काम कारबाहीका सम्बन्धमा आवश्यक सहयोग गर्नु

पृथ्वी उत्तरगया गाउँपालिका

सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. केन्द्रको विघटन :**

१) केन्द्रले यस कार्यविधिका उद्देश्य बमोजिम काम गर्न नसकेमा गाउँपालिकाले जुनसुकै बखत केन्द्र विघटन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम केन्द्र विघटन भएमा केन्द्रको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

**२०. नियम तथा विनियम बनाउने अधिकार :**

यस कार्यविधिको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक नियम तथा विनियम बनाउन सक्नेछ ।

**२१. कार्यविधिको संशोधन :**

यस कार्यविधि केन्द्रको सिफारिसमा गाउँपालिकाले आवश्यक संशोधन एवम् परिमार्जन गर्न सक्नेछ ।

पुथा उत्तरगंगा गाउँपालिका

## अनुसूची :-

अनुसूची -१ (दफा १७ संग सम्बन्धित)

### शपथ ग्रहण फारम

म................................................ (शपथ लिने व्यक्तिको नाम) .............................. मुलक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु, देश र जनताका नाममा शपथ लिन्छु कि युवा विकास केन्द्र, वडा युवा विकास केन्द्रको .............................. पदको हैसियतले मलाइ तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी मुलुक तथा गाउँपालिका प्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफनो कर्तव्य पालनाको सिलसिलामा आफूलाइ जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

**शपथ ग्रहण गर्नेको :**

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको :**

नाम :

दस्तखत :

मिति :

पद :

पुथा उत्तरगंगा गाउँपालिका